जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २५६ • २०८३ असार २२ गते सोमवार • 6 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मधेस प्रज्ञा प्रतिष्ठानले भव्य रुपमा मनाए ४ औ वार्षिकोत्सव

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २१ असार



धनुषाको पुरन्दाहा स्थित कल्चरल भिलेजमा शनिवार मधेस प्रज्ञा प्रतिष्ठानले ४औं वार्षिकोत्सब मनाएको छ । सो अवसरमा आयोजित कार्यक्रममा ८ वटै जिल्लाका दर्जनौं लेखक, साहित्यकार, कलाकार, भाषाबिद, नाट्कार लगायतका ब्याक्तित्वहरुलाई सम्मान गरिएको छ ।

मधेस प्रदेशको शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहको प्रमुख आतिथ्य र प्रतिष्ठानको अध्यक्ष डा रामभरोस कापरीको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो । सोही कार्यक्रममा डा.सूर्या यादव र डा. वीर बहादुर महतोद्वारा लिखित २ वटा किताबको बिमोचन समेत गरिएको थियो । मधेस प्रज्ञा प्रतिष्ठान,जनकपुरधामद्वारा प्रकाशित तथा डा.वीर वहादुर महतोद्वारा सम्पादीत तथा अनुसन्धान गरिएको पुस्तक मगही संस्कार आउ संस्कृति नामक किताब भित्र मगही समाजको परम्परा, रितिरिवाज, जीवनशैली र संस्कृतिको बारेमा विस्तृत रुपमा वर्णन गरिएको छ । मगही क्षेत्र प्राचीनकालदेखि नै धनी रहेको ईतिहास छ । यस किताबभित्र बताइएका विभिन्न संस्कारहरु र त्यसका सामाजिक,धार्मिक तथा मनोबैज्ञनिक अर्थ समेत रहेको बुझिन्छ । यो किताब मात्र वर्णनमा मात्र सिमित नभएर अनुसन्धानको आधारमा प्रमाणित गरिएका तथ्यहरु प्रस्तुत गरिएको अनुसन्धानकर्ताको दाबी रहेको छ । यो किताबको प्रकाशनमा सहयोग गर्ने यस प्रतिष्ठानको अध्यक्ष राम भरोस कापडी भ्रमर र सम्पूर्ण प्रतिष्ठान परिवारप्रति आभार तथा कृतज्ञता व्यक्त गरिएको छ ।सो कार्यक्रममा प्रतिष्ठानको सदस्य दिनेश यादवले प्रतिष्ठानको अवस्था र ब्यबस्थाको बारेमा जानकारी गराउनु भयो । प्रतिष्ठानको सदस्य यादवले सरकारले वार्षिकोत्सव मनाउन मात्र १.५ लाख उपलब्ध गराउदा अन्य खर्चहरुको व्यवस्थापन गर्न अप्ठ्यारो हुने भएकोले सोको दायरा बढानउन तथा प्रतिष्ठानलाई संरक्षण गरे मात्र यो मधेस प्रदेश सम्मानीत तथा गौरबाञ्चित हुने भएकोले यस प्रति सबैलाई ध्यानाकर्षण गर्न आग्रह गर्नु भयो ।

शिक्षा मन्त्री सिंहले प्रतिष्ठानको जल्दोबल्दो समस्याहरु र यस कार्यक्रमबाट आएका सल्लाहहरुलाई समेत समयमै समाधान गर्ने प्रतिबद्धता जाहेर गर्नु भयो । प्रतिष्ठानको अध्यक्ष कापडीले प्रतिष्ठान आर्थिक समस्याको साथै विभिन्न समस्याहरुले जुधिरहेको बखत सरोकारबालाहरुले समयमै ध्यान दिन तथा यस धरोहरलाई सबैले संरक्षण गर्न आवश्यक रहेको बताउनु भयो । जिल्ला महोत्तरीबाट सो कार्यक्रममा शिक्षक उपेन्द्र यादवले दम्दार प्रस्तुती दिनु भएको थियो भने अन्य ७ वटै जिल्लाहरुबाट विभिन्न कलाकारहरुले आफ्ना प्रतिभाहरु प्रस्तुत गरेका थिए । सो कार्यक्रममा कला, साहित्य, नाटक, भाषा तथा संस्कृतिका क्षेत्रमा काम गर्ने विभिन्न व्यक्तित्वहरुबाट अन्तरक्रिया गरी नव प्रतिभाहरुको विकास तथा प्रबर्द्धनका विभिन्न अभ्यासहरु गरिएका थिए । उपस्थित सम्पूर्ण कलाकारहरुलाई मायाको चिनो, प्रशंसा पत्र तथा गमछा ओढाएर सम्मान समेत गरिएका थिए ।

# बोक्सी कुप्रथा उन्मूलनक सामाजिक अभियान आ नागरिक उत्तरदायित्व “सम्मान-पत्र सँ बढ़कि दायित्व“

मुरली मनोहर मिश्र
जनकपुरधाम, २१ असार



धनुषा जिल्लाक प्रमुख जिल्ला अधिकारीजीक प्रमुख आतिथ्य तथा जिल्ला प्रहरी कार्यालय, धनुषाक कार्यालय प्रमुखजीक विशेष आतिथ्यमे, सम्बन्धित वडा कार्यालयक सक्रिय सहभागितामे जनकपुरधामस्थित मोडेल क्याम्पसक सभाकक्षमे आयोजित गरिमामय समापन समारोहमे दर्जनौं विद्यार्थी, अभिभावक, पत्रकार, प्राध्यापक तथा समाजक विभिन्न क्षेत्रक प्रतिनिधिसभक उल्लेखनीय उपस्थितिक बीच हमरा “मान्छे बोक्सी हुन्न कहिल्यै“ राष्ट्रिय अभियानमे विगत वर्षसभसँ निरन्तर योगदानक कदर करैत सम्मान-पत्र प्रदान कएल गेल। यी सम्मान व्यक्तिगत उपलब्धिसँ बेसी सामाजिक चेतना, वैज्ञानिक दृष्टिकोण तथा मानव अधिकारक पक्षमे चलि रहल अभियानक सार्वजनिक स्वीकृति अछि । मुदा एहि सम्मानक वास्तविक अर्थ तखने सार्थक होयत, जखन समाज अन्धविश्वास, कुरीति आ अन्यायक विरुद्ध अपन आवाजकेँ निरन्तर बुलन्द राखत। जँ हम बोक्सी/डायन जेकाँ कुप्रथाक विरोध करैत छी, तँ तहिना माता जानकीक पावन जन्मभूमि जनकपुरधाममे हुनकर धार्मिक, सांस्कृतिक एवं सार्वजनिक सम्पत्तिक अतिक्रमण, दोहन, शोषण तथा बिक्री-वितरणक लज्जास्पद प्रवृत्तिक विरुद्ध सेहो समान दृढ़तासँ ठाढ़ होयब आवश्यक अछि । आखिर, मिथिलाक बेटी माता जानकीक नाम पर विश्वभरिमे आस्था व्यक्त होइत अछि, मुदा हुनक फूलबारी, मठ-मन्दिर, पोखरि, सार्वजनिक गुठी सम्पत्ति तथा धार्मिक धरोहरसभ पर बढ़ैत अतिक्रमण, अव्यवस्थित व्यापारिक दोहन, होटल-रेस्टुरेन्ट संस्कृति, मासु-मदिराक विस्तार तथा सम्पत्तिक अवैध बिक्री-वितरणक विषयमे समाजक मौनता अत्यन्त चिन्ताजनक अछि । जँ बोक्सी/डायन आरोप मानव गरिमामाथि आक्रमण अछि, तँ माता जानकीक धार्मिक सम्पत्तिक अतिक्रमण सेहो मिथिलाक सांस्कृतिक अस्मिता, आस्था तथा भावी पुस्ताक अधिकार पर प्रत्यक्ष आक्रमण अछि। एहन अवस्थामे नागरिक समाज, धार्मिक संस्था, सञ्चारमाध्यम, बुद्धिजीवी, युवा, स्थानीय सरकार तथा राज्यक सम्बन्धित निकायसभकेँ एकजुट भऽ पारदर्शी अनुसन्धान, कानूनी कारबाही, सार्वजनिक सम्पत्तिक संरक्षण तथा जनचेतनामूलक अभियानकेँ सशक्त बनाबय पड़त । सम्मान-पत्रक वास्तविक गरिमा ओतबे दिन रहत, जतबे दिन सम्मानित व्यक्ति आ समाज मिलिकऽ अन्याय, अतिक्रमण, भ्रष्टाचार तथा सांस्कृतिक विनाशक विरुद्ध निर्भीकतासँ आवाज उठबैत रहत। बोक्सी कुप्रथा उन्मूलन आ माता जानकीक धार्मिक सम्पत्तिक संरक्षण–दूनू मानवता, न्याय आ सभ्य समाजक साझा दायित्व अछि, हँ कि नैइ..सल्लाह, सुझाव एवं प्रतिक्रिया अपेक्षित, ।

# ‘बुबाआमाको मृत्युपछि साँढे छोड्ने परम्परा अन्धविश्वास, यसले छाडा चौपायाको समस्या बढाउँछ’

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २१ असार



जनकपुरधाम उपमहानगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाको आयोजनामा छाडा पशुबाट मानिसमा हुने जोखिम तथा प्लास्टिकका कारण पशुमा पर्ने असरबारे आइतबार छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मत्स्य मानव स्रोत विकास तथा प्रविधि परीक्षण केन्द्रको तालिम हलमा आयोजित कार्यक्रमको अध्यक्षता जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज कुमार साहले गरेका थिए भने कार्यक्रमको संयोजन डा. अमर कुमार साहले गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख मनोज कुमार साहले बुबाको मृत्युपछि साँढे छोड्ने परम्परालाई अन्धविश्वासको संज्ञा दिँदै यसले छाडा चौपायाको समस्या झन् जटिल बनाएको बताए। उनले भने, “बुबाको मृत्युपछि साँढे छोड्नु अन्धविश्वास हो । यसले छाडा चौपायाको संख्या बढाउनुका साथै सडक दुर्घटना, कृषि बालीमा क्षति र जनस्वास्थ्यमा समेत नकारात्मक असर पुर्‍याइरहेको छ। अब यस्ता गलत परम्परा त्यागेर जिम्मेवार समाज निर्माणतर्फ अघि बढ्नुपर्छ।” नगरप्रमुख साहले धार्मिक आस्थाको सम्मान गर्दै समाजमा हानिकारक अभ्यासको सट्टा वैज्ञानिक सोच र जिम्मेवार व्यवहार अपनाउनुपर्ने आवश्यकता औँल्याए । उनले प्लास्टिकजन्य फोहोर जथाभावी फाल्ने प्रवृत्तिले पशुहरूको स्वास्थ्यमा गम्भीर असर पुर्‍याइरहेको उल्लेख गर्दै प्लास्टिकको प्रयोग न्यूनीकरण र उचित फोहोर व्यवस्थापनमा सबै नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको बताए ।

कार्यक्रम संयोजक डा. अमर कुमार साहले छाडा पशु व्यवस्थापन, पशु कल्याण, सार्वजनिक स्वास्थ्य तथा वातावरण संरक्षण एकअर्कासँग प्रत्यक्ष रूपमा जोडिएका विषय भएकाले स्थानीय सरकार, सरोकारवाला निकाय र समुदायबीच समन्वय अपरिहार्य रहेको बताए ।

कार्यक्रममा पशु चिकित्सक, प्राविधिक, जनप्रतिनिधि, कर्मचारी, पशुपालक तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो। सहभागीहरूले छाडा पशु व्यवस्थापन, प्लास्टिकजन्य प्रदूषण नियन्त्रण तथा जनचेतना अभिवृद्धिका लागि प्रभावकारी अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१

जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय....................

# अत्यधिक गर्मीबाट बचौ र बचाऔं

*अहिले केहि दिनदेखि बढ्दै गएको गर्मीका कारण मधेस क्षेत्रको जनजिवन प्रभावित भएको देखिन्छ । मनसुनको शुरुवात भए पनि प्राकृतिक वर्षाको अनियमितताका कारण पनि यहाँ तापक्रम उच्च रहेको विज्ञहरुका प्रक्षेपण रहेको छ । मधेस प्रदेशका केहि सामुदायिक तथा नीजि विद्यालयहरुका गर्मी बिदा १ देखि २ दिनको लागि दिइए पनि खासै लाभकारी नभएको देखिन्छ । अहिले नीजि तथा सामुदायिक विद्यालयहरुमा प्रथम त्रैमासिक परिक्षा लिनको लागि चटारो देखिएकोले यो गर्मी बिदा श्रावणको पहिलो वा दोस्रो हप्तामा हुने आशंका गर्न सकिन्छ । असार मसान्तको अन्त्यको बेला रहेकोले अन्य प्रदेश सँगै मधेस प्रदेशका स्थानिय पालिकाहरु समेत असार मसान्तको भुक्तानीदेखि अन्य व्यवस्थापनमा लागेको देखिन्छन् । स्थानिय सरकार पनि असारमा उच्च गर्मीको व्यवस्थापनको बैकल्पिक उपायहरुका बारेमा जनसमुदायलाई सचेत गराउन तथा राहतका सामाग्री बाँडनमा तत्पर नरहेको देखिन्छन् । यति मात्र होइन जिल्लाहरुमा रहेको संकट व्यवस्थापन निकायहरु समेत यतिबेला मौन रहेको देखिन्छन् । नागरिक स्वास्थ्यका बारेमा ख्याल गर्नु संकट व्यवस्थापन निकायको प्रथम धर्म तथा कर्मको रुपमा रहेको देखिन्छन् । स्थानिय निकाय समेत आफ्ना स्थानिय जनतालाई सहयोग र उच्च गर्मीबाट बच्न र बचाउन विभिन्न राहत सामाग्रीहरु वितरण गर्न आवश्यक रहेको देखिन्छ । यति बेला अन्य सामाजिक संघसंस्था तथा मानव अधिकारकर्मीहरु समेत जनताको सरोकारका विषयमा बकालत गर्नुका साथै राहत सामाग्रीहरु लिएर घरदैलोमा पुग्न आवश्यक रहेको देखिन्छन् । महोत्तरीको प्रतिष्ठीत रतौली युवा कल्वको समेत सामाजिक कार्यहरुमा रुचि रहेकोले यतिबेला सो संस्थाले जनतालाई छाता,पातलो सुतिका लगाउने लुगा लगायतका सामाग्रीहरु बाँडन आवश्यक रहेको देखिन्छ । नेपाल विद्युत प्राधिकरणको सेवामा महोत्तरी,धनुषा लगायत अन्य जिल्लाहरुमा समेत अघोषित रुपमा लोडसेडिंग गर्ने,भोल्टेजमा घटबढ हुने जस्ता समस्याहरु देखिएकाले सम्बन्धीत प्रमुख जिल्ला अधिकारीहरुले समेत यसको व्यवस्थापनको लागि अनिवार्य रुपमा वकालत गरिदिनु पर्ने आवश्यकता रहेको देखिन्छ । अन्त्यमा आम जनताले समेत उच्च गर्मीबाट बच्न आफैले पनि खानपानमा ध्यान दिनुका साथै दैनिक रुपमा नुहाउनु आवश्यक रहेको देखिन्छ । बाहिर अत्यावश्यक काम बाहेक ननिस्कने तथा जानै पर्ने भए छाता वा गाडी चढेर जाने गर्नु पर्दछ । यतिबेला बाहिर जाँदा पनि पिउने पानी सँगै बोकेर लग्न आवश्यक रहेको देखिन्छ । यतिबेला जिउमा पानिको मात्रा कम हुन दिनु हुदैन ।*

# योगियाडामा नि:शुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न, सयौं नागरिक लाभान्वित

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २१ असार

धनुषाको विदेह नगरपालिका-७, योगियाडास्थित श्री भगवती आधारभूत विद्यालयमा आइतबार नि:शुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

मधेश प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालय, सपहीको आयोजना, विदेह नगरपालिकाको सहयोग तथा नागरिक आरोग्य सेवा केन्द्र, योगियाडाको सहजीकरणमा शिविर सम्पन्न भएको हो । कार्यक्रमका प्रमुख अतिथि बेचन दास रहेका थिए भने अध्यक्षता विदेह नगरपालिका-




७ का वडा अध्यक्ष राजकिशोर सिंहले गरेका थिए। स्वास्थ्य निर्देशनालयको आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखाका प्रमुख राजकिशोर दास कार्यक्रम संयोजक रहेका थिए। कार्यक्रमको सहजीकरण नागरिक आरोग्य सेवा केन्द्र, योगियाडाका कविराज प्रदीप यादवले गरेका थिए । शिविर अन्तर्गत बिहान ५:३० बजेदेखि ७:३० बजेसम्म योग शिविर सञ्चालन गरिएको थियो। त्यसपछि बिहान ८ बजे औपचारिक उद्घाटन गरी बिहान ९ बजेदेखि साँझ ४ बजेसम्म विशेषज्ञ आयुर्वेद चिकित्सकद्वारा स्वास्थ्य परीक्षण, रोग परामर्श, नि:शुल्क औषधि वितरण तथा आयुर्वेदिक जीवनशैली सम्बन्धी परामर्श सेवा प्रदान गरिएको थियो। कार्यक्रममा वक्ताहरूले आयुर्वेद उपचार पद्धति र योग स्वस्थ जीवनको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै नियमित योग अभ्यास र सन्तुलित जीवनशैली अपनाए धेरै रोगबाट बच्न सकिने धारणा व्यक्त गरेका थिए । उनीहरूले आयुर्वेद सेवालाई गाउँ-गाउँसम्म विस्तार गरी सर्वसाधारणलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन यस्ता शिविर प्रभावकारी हुने बताए। शिविरमा विदेह नगरपालिका तथा आसपासका क्षेत्रका सयौं नागरिकले स्वास्थ्य परीक्षण, विशेषज्ञ चिकित्सकको परामर्श र नि:शुल्क औषधि सेवा लिएका आयोजकले जनाएको छ । स्थानीयवासीले गाउँमै विशेषज्ञ आयुर्वेद स्वास्थ्य सेवा प्राप्त गर्न पाउँदा खुसी व्यक्त गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याएका थिए ।

# करिब १२ लाख रुपैयाँ बराबरको कपडा र तीनवटा मोटरसाइकल बरामद

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २१ असार



रौतहटमा सशस्त्र प्रहरी बलले भन्सार छली गरी नेपाल भित्र्याइँदै गरेको करिब १२ लाख रुपैयाँ बराबरको भारतीय कपडा र तीनवटा भारतीय नम्बर प्लेटका मोटरसाइकल बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण मुख्यालय रौतहटबाट खटिएको मोबाइल गस्ती टोलीले माधवनारायण नगरपालिका-१ दिपही क्षेत्रमा शनिबार गस्ती गर्ने क्रममा अवैध रूपमा ल्याइँदै गरेको कपडा बरामद गरेको हो ।

सशस्त्र प्रहरीका अनुसार बीआर ०५ यू ३३७१, बीआर ०५ ए ८६६६ र बीआर ०५ ई ३५६४ नम्बरका भारतीय मोटरसाइकलमा लोड गरी ल्याइँदै गरेको विभिन्न किसिमका कपडाको अनुमानित मूल्य ११ लाख ९२ हजार ५७० रुपैयाँ रहेको छ । सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी रामहरि अधिकारीका अनुसार गस्ती टोलीलाई देख्नासाथ सामान बोकेका व्यक्तिहरू मोटरसाइकल छाडेर फरार भएका थिए। बरामद गरिएका कपडा र मोटरसाइकल आवश्यक कानुनी कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको उनले जानकारी दिए ।


## सूचना ! सूचना !! सूचना !!!

नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमीन अतिक्रमण गर्नु हुदैन । सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो ।

**अनुरोधकर्ता**

**जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय**

**जलेश्वर महोत्तरी, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: लामो यात्राको योग छ

वृष: मनमा पछुतो आउने

मिथून: विचार गरेर बोल्नुहोला

कर्कट: अनावश्यक चिन्ता

सिंह: अनावश्यक खर्चको संभावना

कन्या: खानपानमा समस्या आउने

तुला: अशुभ समाचार प्राप्त हुने

वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने

धनु: मित्रतामा फाटो आउने

मकर: पिछडेको साथी मिल्ने

कुम्भ: शुभ कार्यको शुरुवात

मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे

ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे

विहान पुजा आरती : ०५:३० बजे

विहान ढोका बन्द :१२:०० बजे

दिउँसो ढोका खुल्ने समय :०४:०० बजे

सन्ध्या पूजा आरती साँझ :०६:३० बजे

राति ढोका बन्द हुने समय : १२ बजे

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे

विहान पुजा आरती : ०७:३० बजे

विहान ढोका बन्द :१२:०० बजे

अन्न क्षेत्र : नि:शुल्क भोजन

दिउँसो ढोका खुल्ने समय :०४:०० बजे

सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# राष्ट्रिय खुल्ला हाफ म्याराथन प्रतियोगिता जनकपुरधाममा सम्पन्न




ओ.पी साह
जनकपुरधाम, २१ असार

मधेश खेलकुद परिषद्को आयोजनामा 'खेली मधेश, जिती मधेश' भन्ने मूल नारासहित राष्ट्रिय खुला हाफ म्याराथन प्रतियोगिता आइतबार जनकपुरधाममा सम्पन्न भएको छ। देशका विभिन्न जिल्ला बाट महिला तथा पुरुष खेलाडीहरूको सहभागितामा सम्पन्न प्रतियोगिताले मधेशमा खेलकुद गतिविधिप्रति बढ्दो आकर्षणलाई उजागर गरेको छ।

प्रतियोगिताको उद्घाटन तथा समापन समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री लखन दासले खेलकुदलाई केवल प्रतिस्पर्धाको माध्यम नभई स्वस्थ, अनुशासित र सभ्य समाज निर्माणको आधारका रूपमा लिनुपर्ने बताए। "खेलले युवामा अनुशासन, आत्मविश्वास र नेतृत्व क्षमता विकास गर्छ," उनले भने, "मधेशमा लुकेर रहेका प्रतिभाको पहिचान गरी उनीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुर्याउन प्रदेश सरकार प्रतिबद्ध छ।" उनले खेलकुद पूर्वाधार विकास, नियमित प्रतियोगिता आयोजना तथा प्रतिभावान खेलाडीलाई प्रोत्साहन गर्ने नीति प्रदेश सरकारले अवलम्बन गरिरहेको उल्लेख गरे। विद्यालय तहदेखि नै खेल संस्कृतिको विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिने उनको भनाइ थियो मधेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी प्रसाद कानुका अनुसार पुरुषतर्फ २१ किलोमिटर र महिलातर्फ १० किलोमिटर दूरी निर्धारण गरी प्रतियोगिता सञ्चालन गरिएको थियो। दुवै विधाका लागि छुट्टाछुट्टै रुट तय गरिएको तथा खेलाडीहरूले निर्धारित दूरी सफलतापूर्वक पूरा गर्दै उत्कृष्ट प्रतिस्पर्धात्मक प्रदर्शन गरेका उनले बताए। प्रतियोगितामा दुवै विधातर्फ प्रथम हुने खेलाडीलाई २० हजार रुपैयाँ, द्वितीय लाई १५ हजार रुपैयाँ र तृतीय लाई १० हजार रुपैयाँ नगद पुरस्कारसहित सम्मान गरिएको आयोजकले जनाएको छ। विजेता खेलाडीहरूलाई प्रमाणपत्र तथा सम्मानसमेत प्रदान गरिएको थियो। देशका विभिन्न प्रदेशबाट आएका खेलाडीहरूको सहभागिताले प्रतियोगितालाई राष्ट्रिय स्वरूप प्रदान गरेको आयोजकको भनाइ छ। सहभागी खेलाडीहरूले यस्ता प्रतियोगिताले अनुभव आदानप्रदान, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा नयाँ प्रतिभाको पहिचानमा महत्वपूर्ण योगदान पुग्ने बताएका छन्। मधेश खेलकुद परिषद्ले 'खेली मधेश, जिती मधेश' अभियानमार्फत प्रदेशमा खेल संस्कृतिको विकास, स्वस्थ जीवनशैलीको प्रवर्द्धन तथा राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने लक्ष्यसहित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ। आगामी दिनमा प्रदेशका विभिन्न जिल्लामा यस्ता प्रतियोगितालाई थप व्यापक बनाइने परिषद्को योजना रहेको छ। मधेशमा खेलकुदको वातावरण सुदृढ बनाउन आयोजित राष्ट्रिय खुला हाफ म्याराथनले युवामा खेलप्रतिको आकर्षण बढाउनुका साथै प्रदेशलाई खेलकुदको उदीयमान केन्द्रका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास गरिएको छ।

# साक्षरतामा शहिद नगरको फड्को, औपचारिक रूपमा साक्षर नगरपालिका घोषणा

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २१ असार

शहिद नगरपालिकाले आइतबार औपचारिक रूपमा आफूलाई साक्षर नगरपालिका घोषणा गरेको छ। नगरपालिकाको आयोजना तथा आर्थिक सहयोगमा सम्पन्न घोषणा कार्यक्रममा नगर प्रमुख दिनेश प्रसाद यादवको अध्यक्षता रहेको थियो। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत केशव शर्मा, नगर उपप्रमुख सुनिता कुमारी सिंह, मधेस प्रदेश शिक्षा तथा संस्कृति मन्त्रालयका प्रतिनिधि शाखा अधिकृत दिलीप मुखिया, शिक्षा शाखा प्रमुख प्रदीप मुखिया, जनप्रतिनिधि, शिक्षक, विभिन्न सामुदायिक सिकाइ केन्द्रका प्रतिनिधि तथा सरोकारवालाको उल्लेखनीय उपस्थिति रहेको थियो। साक्षरता अभियान सञ्चालनका लागि शहिद नगरपालिकाले श्री योग तथा इजोत सामुदायिक सिकाइ केन्द्र, बलावाखरसँग सहकार्य गरेको थियो। अभियानअन्तर्गत विद्यालय, शिक्षक र समुदायको सक्रिय सहभागिता मार्फत निरक्षर नागरिकलाई साक्षर बनाउने कार्य सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ।



कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै शिक्षा शाखा प्रमुख प्रदीप मुखियाले साक्षर समाज निर्माणका लागि स्थानीय तह, विद्यालय र समुदायबीचको समन्वय अपरिहार्य रहेको बताए। अभियानलाई प्रभावकारी बनाउन विद्यालयका प्रधानाध्यापकमार्फत शिक्षकहरूको नियमित अनुगमन गरिएको तथा प्रत्येक शिक्षकलाई कम्तीमा पाँच जना विद्यार्थी परिचालन गरी निरक्षर नागरिकलाई साक्षर बनाउन जिम्मेवारी दिइएको जानकारी उनले दिए। शिक्षकहरूको प्रतिबद्धता, विद्यार्थीहरूको सक्रियता र समुदायको सकारात्मक सहभागिताले अभियान सफल भएको उनको भनाइ थियो। कार्यक्रमका वक्ताहरूले साक्षरता केवल अक्षर चिन्ने क्षमतामा सीमित नभई जीवनोपयोगी सीप, सामाजिक चेतना, नागरिक उत्तरदायित्व तथा आत्मनिर्भर समाज निर्माणको महत्वपूर्ण आधार भएको बताए। साक्षरताको उपलब्धिलाई दिगो बनाउन निरन्तर शिक्षा, सामुदायिक सिकाइ, सीप विकास तथा स्थानीय तहको सक्रिय भूमिकालाई अझ सुदृढ बनाउनुपर्नेमा उनीहरूले जोड दिए। अध्यक्षीय मन्तव्यका क्रममा नगर प्रमुख दिनेश प्रसाद यादवले साक्षर नगरपालिका घोषणा शहिद नगरको शैक्षिक विकास यात्रामा ऐतिहासिक उपलब्धि भएको उल्लेख गर्दै यस सफलतामा योगदान गर्ने शिक्षक, विद्यार्थी, सामुदायिक सिकाइ केन्द्र, जनप्रतिनिधि तथा सम्पूर्ण नगरवासीप्रति आभार व्यक्त गरे। उनले साक्षरताको उपलब्धिलाई दीर्घकालीन बनाउन निरन्तर शिक्षा, सीपमूलक तालिम तथा सामुदायिक शिक्षाका कार्यक्रमलाई आगामी दिनमा थप प्रभावकारी रूपमा अघि बढाइने प्रतिबद्धता व्यक्त गरे।

शहिद नगरपालिकाले साक्षर घोषणा केवल औपचारिक उपलब्धि नभई शिक्षामार्फत सक्षम, सचेत र आत्मनिर्भर समाज निर्माणतर्फको महत्वपूर्ण कदम भएको जनाएको छ। नगरपालिकाले आगामी दिनमा निरन्तर शिक्षा, सीपमूलक सिकाइ र सामुदायिक शिक्षालाई प्राथमिकताका साथ अघि बढाउँदै साक्षरताको उपलब्धिलाई अझ दिगो बनाउने प्रतिबद्धता समेत जनाएको छ।

# कृषक पाठशालाले ग्रामीण महिला आत्मनिर्भर बन्दै

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २१ असार



ग्रामीण क्षेत्रका महिला पछिल्ला वर्षमा आत्मनिर्भर बन्न थालेका छन्। ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिला कृषि तथा पशुपालनका क्षेत्रमा लागेपछि आत्मनिर्भर हुन थालेका हुन्। परिश्रमी महिला स्वदेशमा नै कर्म गरी आम्दानी गरिरहेका छन्।

सामान्य लेखपढ गरेका महिलाले स्थानीय स्रोत, साधनको परिचालन गरी आम्दानी गर्दै अघि बढेका हुन्। धनुषा, महोत्तरी लगायतका जिल्लामा रोजगारीको अभावमा शहर पस्नेको लर्को देखिए पनि यहाँका ग्रामीण क्षेत्रका महिलाको व्यवसाय लोभलाग्दो छ। महोत्तरीको सम्सी गाउँपालिका वडा नं. ७ की विभा कुमारी यादव कृषक पाठशालामा सहभागी भएर कृषि पेशालाई व्यवस्थित मात्र बनाएकी छैनन् कृषिलाई जीविकोपार्जनको आधार पनि बनाएकी हुन्। विभाजस्तै सम्सी गापा-७ का महिलाहरु देवकी करैला बाली उत्पादन कृषक पाठशालामा सहभागी भएर कृषि पेशातर्फ उत्साहित छिन्। पाठशालामा सहभागी महिलाहरुले देवकी कृषक समूह गठन गरेर व्यवसायिक खेतीमा जुटेकी छन्। दुई कठ्ठा क्षेत्रफलमा लगाएको करैलाबाट अपेक्षा अनुरुपका आम्दानी गर्न नसकिएपनि सन्तोषजनक कमाई भएको समूहकी सचिव दुलारीकुमारी यादव बताउँछिन्। वर्षाले गर्दा बालीमा क्षति पुगेपछि अहिले करैलाको विरुद्ध नष्ट गरेर अर्को बाली लगाउने तयारीमा लागेको दुलारी बताउँछिन्। विभा र दुलारी कृषि कर्मप्रति एकाएक आकर्षित भएकी होइनन्। चार महिना भन्दा बढीको सिकाई उपलब्धी हो-कृषिमा आकर्षण। ग्लोबल एग्रिकल्चर एण्ड फूड सेक्युरिटी प्रोग्राम (जीएएफएसपी) को सहयोगमा खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाले १ सय २६ दिनसम्म पाठशाला संचालन गरेर उनीहरुलाई विषादी प्रयोग नगरेर बाली उत्पादन गर्ने, घरेलु सामग्रीबाट झोलमोल बनाउने तरिका, प्राङ्गारिक मल तयार गर्ने लगायतको बारेमा जानकारी गराएको हो। पाठशालामा सहभागी भएर उत्साहित उनीहरु कृषि पेशालाई व्यवसायी रुपमै अगाडि बढाउन उत्साहित छिन्। २०८२ फागुन २० गतेदेखि २०८३ असार ९ गतेसम्म संचालन भएको पाठशालामा सहभागी महिलाहरुलाई धान, गहुँ र तरकारी बाली लगाउने र उत्पादन वृद्धि गर्नेबारे जानकारी दिएको कृषक सहजकर्ता महेश यादवले बताए।

विषादीको प्रयोगले माटोको उर्वराशक्ति कमजोर हुँदै गएकाले प्राङारिक मलको प्रयोग गरेर बाली उत्पादनमा जोड दिएको यादवले बताए। विषादीको प्रयोगबाट उत्पादन भएको सामग्रीमा पोषण तत्वको क्षयीकरण हुने गरेकाले पोषणयुक्त उत्पादनका लागि घरमै तयार गरिएको विषादीको प्रयोग गर्नुपर्नेमा यादवले जोड दिए। खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, कलष्टर इकाई धनुषाले कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी खाद्य सुरक्षामा सहयोग गर्ने, जलवायु तथा पोषण मैत्री कृषि प्रविधिहरुको अनुशरण र प्रसार गर्ने, साना कृषकहरुको आयआर्जन र विविधिकरण प्रवर्द्धन गरी बजारमा पहुँच बढाउने, सुनौला हजार दिनका आमाहरु तथा ६ देखि २४ महिनासम्मका बच्चाहरुको पोषण स्थितिमा सुधार ल्याउने र कृषकहरुको क्षमता अभिवृद्धि गर्ने उद्येश्यले चार वटा पालिकामा कार्यक्रम संचालन गरेको छ। धनुषाको बटेश्वर र जनकनन्दनी गाउँपालिका र महोत्तरी जिल्लाको सम्सी र सोनमा गाउँपालिकामा संचालन गरिएको उक्त कार्यक्रम अन्तर्गत ११ हजार बढी नागरिक लाभान्वित भएका छन्। सम्सी-७ मा संचालनमा रहेको देवकी करैला बाली उत्पादन कृषक पाठशालासित जोडिएका कृषकहरुले गठन गरेका देवकी कृषक समूहले सात लाख रुपैयाँ अनुदान प्राप्त गरेको छ। गत वर्ष डिप बोरिड, मोटर, औषधी छर्किने टंकी लगायतको सामाग्री उपलब्ध गराएको थियो भने अहिले पनि विभिन्न सामाग्रीहरु समूहलाई सहयोग गरिएको कलष्टर इकाई धनुषाका प्रमुख रबिलाल शर्माले बताए। सम्सी-७ की रमिलाकुमारी यादव छोराछोरीलाई लालनपालन र शिक्षादिक्षाका लागि चाहिने खर्च जुटाउन व्यवसायिक तरकारी खेतीबाट सक्षम भएको बताइन्। पहिला जस्तै गरी सानातिना कामका लागि पनि श्रीमानसँग पैसा माग्नुपर्ने बाध्यता पछिल्ला वर्ष हटेको उनी बताउँछिन्। "आफैंले व्यावसायिक तरकारीखेती गर्न थालेसँगै दुई/चार रुपैयाँ श्रीमानलाई मागेका बेला उपलब्ध गराउन पाउँदा खुसी छु", उनी भन्छिन्, "घरमा बसीबसी खेतबारीमा मेहनत गरी आम्दानी गर्न सक्षम भएकामा सन्तुष्ट छु।" उनीहरुले पाठशाला र समूहमा लागेर गरेका क्रियाकलापको शनिबार मिडिया मोनिटरिङ गरिएको थियो। जनकपुरधामका संचारकर्मीसहित खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाका कृषि अधिकृत शिवचन्द्र झा, प्रास शिवनाथ शर्मा, बाली उत्पादन विज्ञ शिव ढकाल, अनुगमन मुल्यांकन विज्ञ संजिव ढुंगेल लगायतले सम्सी, सोनमा र धनुषाको बटेश्वर तथा जनकनन्दनी गाउँपालिकाको निरीक्षण अनुगमन गरेको थियो।

पर्यटनलाई प्रवर्द्धन गरौ

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन्। त्यस्ता स्थलहरु गौरब मात्र नभई आर्थिक समृद्धिको श्रोत पनि हुन। यसको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो। त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौ। ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौ। स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौ। हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटनहरुसँग मैत्रीपूर्ण व्यवहार गरौ। पर्यटक हाम्रा पाहुना हुन। स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौ।

मधेश प्रदेश सरकार
उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम धनुषा

# बालेन्द्र शाह सरकारको सय दिन र मधेसको मौन प्रश्न



-प्रेमचन्द्र झा

-राजनीतिमा सय दिनको अवधि कुनै सरकार वा राजनीतिक शक्तिको अन्तिम मूल्याङ्कन गर्ने समय होइन, तर त्यसले सरकारको दिशा, नेतृत्वको दृष्टि, निर्णय प्रक्रियाको चरित्र र जनअपेक्षाप्रतिको संवेदनशीलताको प्रारम्भिक संकेत अवश्य दिन्छ। लोकतन्त्रमा जनताले सय दिनभित्र सबै समस्या समाधान हुने अपेक्षा राख्दैनन्, तर उनीहरू सरकार कुन बाटोमा अघि बढिरहेको छ, उसको प्राथमिकता के हो, उसले आफ्नो वाचा र व्यवहारबीच कति दूरी कायम गरेको छ र परिवर्तनको भाष्यलाई व्यवहारमा कसरी रूपान्तरण गरिरहेको छ भन्ने कुरा हेर्न चाहन्छन्। त्यसैले सय दिन उपलब्धिको सूची सार्वजनिक गर्ने औपचारिक अवसर मात्र होइन, आत्ममूल्याङ्कन गर्ने, आलोचनालाई सुन्ने र आगामी यात्राको दिशा सच्याउने महत्वपूर्ण मोड पनि हो। पछिल्ला सय दिनको राजनीतिक परिवेशलाई हेर्दा एउटा रोचक विरोधाभास देखिन्छ।

एकातिर सरकारले आफ्ना उपलब्धिको सूची सार्वजनिक गर्दै सेवा प्रवाहमा सुधार, प्रशासनिक सक्रियता, भ्रष्टाचार नियन्त्रणप्रतिको प्रतिबद्धता, विकास निर्माणका कामलाई गति दिने प्रयास, डिजिटल प्रणालीको विस्तार र सुशासनलाई प्राथमिकतामा राखेको दाबी गरिरहेको छ। अर्कोतिर त्यही अवधिमा सरकारप्रति बढ्दो असन्तुष्टि, विशेषगरी मधेसबाट उठिरहेका प्रश्नहरू, पार्टीभित्रको असहजता, प्रतिनिधित्वसम्बन्धी बहस र निर्णय प्रक्रियामा देखिएको केन्द्रीकरणले सरकारको उपलब्धिभन्दा बढी चर्चा पाउन थालेको छ। राजनीतिक विश्लेषकहरूका अनुसार कुनै पनि सरकारका लागि सबैभन्दा असहज अवस्था विपक्षी दलको आलोचना होइन, आफ्नै समर्थक र आफ्नै राजनीतिक परिवारभित्रबाट उठ्ने प्रश्न हो। बाहिरको आलोचनालाई राजनीतिक प्रतिस्पर्धाको स्वाभाविक प्रक्रिया भनेर पन्छाउन सकिन्छ, तर आफ्नै पङ्क्तिबाट उठेको असन्तुष्टिलाई बेवास्ता गर्नु भने भविष्यका लागि जोखिमपूर्ण हुन्छ। यही कारणले पछिल्ला दिनमा राष्ट्रिय स्वतन्त्र पार्टीभित्र मधेसका नेता तथा सांसदहरूले सार्वजनिक रूपमा व्यक्त गरेका असन्तुष्टिका स्वरहरूलाई सामान्य घटनाका रूपमा लिन मिल्दैन। प्रतिनिधिसभामा पुरुषोत्तम यादवले व्यक्त गरेको धारणा, त्यसअघि डा. अमरेशकुमार सिंह र मनिष झाले पटक-पटक उठाएका प्रश्न तथा जनकपुरका प्राध्यापक डा. भोगेन्द्र झाले व्यक्त गरेको विश्लेषणले एउटा गम्भीर राजनीतिक संकेत गरेको देखिन्छ। प्रश्न केवल केही व्यक्तिको असन्तुष्टिको होइन; प्रश्न पार्टीभित्र समावेशी नेतृत्व, प्रतिनिधित्व, संवाद र राजनीतिक संस्कारको हो। नयाँ राजनीतिक शक्तिहरूले पुराना दलहरूको विकल्पका रूपमा आफूलाई प्रस्तुत गर्दा उनीहरूले सबैभन्दा बढी जोड दिने विषय नै पारदर्शिता, समावेशिता, सहभागिता र आन्तरिक लोकतन्त्र हुन्छ। जनताले पनि त्यही आधारमा उनीहरूलाई अवसर दिन्छन्। मधेस प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको समर्थन त्यसैको परिणाम थियो। परम्परागत दलप्रति निराश भएका धेरै मतदाताले नयाँ राजनीतिक संस्कारको अपेक्षामा यो दललाई रोजेका थिए। उनीहरूको विश्वास थियो कि अब निर्णय केही सीमित नेताको वरिपरि केन्द्रित हुने छैन, क्षेत्रीय सन्तुलनलाई सम्मान गरिनेछ, मधेसको आवाजलाई केवल चुनावी भाषणमा सीमित राखिने छैन र प्रतिनिधित्वलाई व्यवहारमा उतारिनेछ। तर सय दिनको अनुभवले त्यो अपेक्षा कति पूरा भयो भन्ने प्रश्न अहिले पार्टीभित्रै उठ्न थालेको छ। मधेसबाट निर्वाचित वा मधेससँग जोडिएका नेताहरूले सार्वजनिक रूपमा असन्तुष्टि व्यक्त गर्नु आफैँमा गम्भीर सन्देश हो। राजनीतिमा असन्तुष्टि हुनु अस्वाभाविक होइन, तर त्यो असन्तुष्टि सार्वजनिक रूपमा पोखिनु भने आन्तरिक संवाद कमजोर भएको संकेत हो। जब पार्टीभित्र आफ्ना कुरा राख्ने पर्याप्त स्थान हुँदैन, तब ती आवाज संसद्, सञ्चारमाध्यम वा सार्वजनिक मञ्चबाट बाहिर आउन थाल्छन्। अहिले देखिएको अवस्था पनि त्यही दिशातर्फ संकेत गरिरहेको देखिन्छ।

पुरुषोत्तम यादवले प्रतिनिधिसभामा व्यक्त गरेको धारणा धेरैका लागि एउटा भाषण मात्र थिएन, त्यो पार्टीभित्र सञ्चित असन्तुष्टिको सार्वजनिक अभिव्यक्ति थियो। उनले उठाएका विषयहरूलाई कतिपयले व्यक्तिगत असन्तुष्टि भनेर व्याख्या गर्न खोजे पनि त्यसपछिका राजनीतिक प्रतिक्रियाले यो विषय व्यक्तिगत सीमाभन्दा धेरै माथि पुगेको देखायो। किनभने त्यसअघि पनि डा. अमरेशकुमार सिंहले मधेसका मुद्दा ओझेलमा परेको भन्दै सरकारको कार्यशैलीमाथि प्रश्न उठाएका थिए। मनिष झाले पनि निर्णय प्रक्रियामा संवादको कमी, संगठनात्मक संरचनामा असन्तुलन र समावेशी नेतृत्वको अभावबारे टिप्पणी गर्दै आएका थिए। यी तीन फरक-फरक आवाज एउटै दिशातर्फ संकेत गरिरहेका छन् भने त्यसलाई संयोग मात्र भन्न कठिन हुन्छ। यसले पार्टीभित्र रहेको संरचनात्मक समस्यातर्फ औँल्याइरहेको हुन्छ।

जनकपुरका प्राध्यापक डा. भोगेन्द्र झाको टिप्पणी अझ गहिरो छ। उनका अनुसार असन्तुष्टि केवल मधेसका नेताहरूमा सीमित छैन, उत्पीडित समुदायमा समेत विस्तार हुँदै गएको छ। यो भनाइलाई केवल राजनीतिक टिप्पणीका रूपमा होइन, सामाजिक मनोविज्ञानको अध्ययनका रूपमा पनि बुझ्नुपर्छ। नेपालको लोकतान्त्रिक आन्दोलनले बारम्बार प्रतिनिधित्व, समावेशिता र पहिचानका मुद्दालाई केन्द्रमा राखेको छ। संविधान निर्माणदेखि राज्य पुनःसंरचनासम्मका बहसले यही कुरा पुष्टि गर्छन्। त्यसैले नयाँ राजनीतिक शक्तिले पनि यी विषयलाई बेवास्ता गर्न सक्दैन। यदि परिवर्तनको नाममा आएका शक्तिहरूले पनि पुरानै शैली दोहोर्याए भने जनतामा निराशा झन् तीव्र हुन सक्छ। सरकारले सय दिनमा गरेका कामलाई पूर्ण रूपमा नकार्न मिल्दैन। प्रशासनिक सुधारका केही प्रयास, सेवा प्रवाहलाई चुस्त बनाउने पहल, डिजिटल माध्यमको प्रयोग बढाउने सोच, भ्रष्टाचारप्रति शून्य सहनशीलताको सार्वजनिक प्रतिबद्धता, केही नीतिगत निर्णय र सरकारी संयन्त्रलाई सक्रिय बनाउने प्रयासलाई सकारात्मक रूपमा लिन सकिन्छ। तर लोकतन्त्रमा उपलब्धिको मूल्याङ्कन केवल सरकारले आफूले भनेको आधारमा हुँदैन, जनताले अनुभव गरेको आधारमा हुन्छ।

यदि उपलब्धिको सूची लामो भए पनि जनताको मनमा असन्तुष्टि बढिरहेको छ भने सरकारले त्यसको कारण खोज्नैपर्छ। राजनीतिमा धारणा पनि यथार्थजत्तिकै शक्तिशाली हुन्छ। सरकार सही बाटोमा भए पनि जनताले आफूलाई बेवास्ता गरिएको अनुभूति गरे भने असन्तुष्टि बढ्छ। अहिले मधेसबाट उठिरहेको प्रश्न पनि यही मनोविज्ञानसँग जोडिएको देखिन्छ। मधेस नेपालको राजनीति, अर्थतन्त्र र सामाजिक संरचनाको अत्यन्त महत्वपूर्ण भूगोल हो। जनसङ्ख्या, कृषि उत्पादन, सीमा व्यापार, सांस्कृतिक विविधता र राजनीतिक प्रभावका दृष्टिले यसको भूमिका अत्यन्त महत्वपूर्ण छ। तर मधेसको राजनीतिक इतिहास हेर्दा एउटा साझा पीडा निरन्तर देखिन्छ–निर्णय प्रक्रियामा सम्मानजनक सहभागिताको अभाव। यही कारणले मधेस आन्दोलनहरू जन्मिए, प्रतिनिधित्वको माग उठ्यो र राज्यलाई समावेशी बनाउने बहसले गति लियो। यस्तो पृष्ठभूमिमा कुनै पनि नयाँ राजनीतिक शक्तिले मधेसलाई केवल निर्वाचन क्षेत्रका रूपमा होइन, साझेदारका रूपमा बुझ्नुपर्छ। यदि त्यो संवेदनशीलता देखिएन भने असन्तुष्टि पुनः दोहोरिनु स्वाभाविक हुन्छ। मधेसको असन्तुष्टिलाई केवल केही नेताको व्यक्तिगत असन्तुष्टिको रूपमा हेर्नु राजनीतिक दृष्टिले ठूलो भूल हुन सक्छ। कुनै पनि लोकतान्त्रिक समाजमा नेतृत्वले सुन्नुपर्ने पहिलो आवाज आफ्नै संगठनभित्रबाट उठ्ने आवाज हो। बाहिरबाट आएको आलोचनालाई प्रतिपक्षको राजनीति भनेर पन्छाउन सकिन्छ, तर आफ्नै पङ्क्तिबाट उठेका प्रश्नहरू संगठनभित्र कतै न कतै सञ्चारको अभाव, विश्वासको कमी वा निर्णय प्रक्रियामा असन्तुलन रहेको संकेत हुन्छ। यही कारणले पुरुषोत्तम यादवले प्रतिनिधिसभामा व्यक्त गरेको धारणा, त्यसअघि डा. अमरेशकुमार सिंह र मनिष झाले बारम्बार उठाएका प्रश्न तथा मधेसका बौद्धिक समुदायबाट व्यक्त भइरहेका चिन्तालाई गम्भीर रूपमा लिनुपर्ने आवश्यकता देखिन्छ। नयाँ राजनीतिक शक्तिले आफ्नो सबैभन्दा ठूलो शक्ति जनताको विश्वासलाई बनाएको हुन्छ। त्यो विश्वास भाषणले होइन, व्यवहारले जोगिन्छ। यदि परिवर्तनको वाचा गर्ने दलभित्र पनि निर्णय केही सीमित व्यक्तिको वरिपरि घुम्न थाल्यो, क्षेत्रीय सन्तुलन कमजोर हुँदै गयो, आलोचनालाई असहज रूपमा लिन थालियो र संगठनभित्र संवादको संस्कृति कमजोर बन्यो भने जनताले पुराना र नयाँ दलबीचको भिन्नता छुट्याउन कठिन मान्न थाल्छन्।

नेपालको राजनीतिक इतिहासले एउटा कुरा स्पष्ट रूपमा देखाएको छ–प्रतिनिधित्वको प्रश्नलाई बेवास्ता गरेर कुनै पनि राष्ट्रिय राजनीतिक शक्ति लामो समयसम्म बलियो बन्न सकेको छैन। चाहे त्यो पहाड र मधेसबीचको सम्बन्ध होस्, महिला सहभागिता होस्, दलित, आदिवासी जनजाति, मुस्लिम वा अन्य उत्पीडित समुदायको सवाल होस्, अन्ततः राजनीतिक स्थायित्व समावेशीकरणमै निर्भर रहन्छ। मधेसको प्रश्न पनि त्यही ऐतिहासिक निरन्तरताको हिस्सा हो। मधेसले पटक-पटक राज्यसँग समान व्यवहारको माग गरेको छ। आन्दोलनहरू भए, संविधान संशोधनका बहस भए, संघीयताको अभ्यास सुरु भयो, तर मधेसी समुदायको एउटा ठूलो हिस्सामा अझै पनि निर्णय प्रक्रियामा आफूहरू पर्याप्त रूपमा समेटिएका छैनौं भन्ने अनुभूति बाँकी छ। यही मनोविज्ञानलाई बुझ्न नसक्ने हो भने कुनै पनि नयाँ राजनीतिक प्रयोगले अपेक्षित सफलता प्राप्त गर्न सक्दैन। सरकारले सय दिनको उपलब्धिको सूची सार्वजनिक गर्दा भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार, सुशासनको प्रतिबद्धता, सेवा प्रवाहमा सुधार, डिजिटल प्रणालीको विस्तार, सार्वजनिक खर्चमा अनुशासन, नीतिगत सुधार तथा विकास निर्माणलाई गति दिने प्रयासजस्ता विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरिरहेको छ। यस्ता प्रयासलाई सहज रूपमा अस्वीकार गर्न मिल्दैन। प्रशासनिक सुधारको सुरुवात आफैँमा सकारात्मक संकेत हो। सरकारी निकायहरूलाई जिम्मेवार बनाउने प्रयास पनि आवश्यक छ। जनताले सुशासन चाहन्छन्, भ्रष्टाचारमुक्त प्रशासन चाहन्छन्, सेवामा सहज पहुँच चाहन्छन्। तर सरकारको सफलता यतिमै सीमित रहँदैन। सुशासन केवल फाइल छिटो सर्‍यो कि सरेन भन्ने विषय होइन, सुशासन भनेको राज्यका सबै नागरिकले आफूलाई समान रूपमा सम्मानित र सहभागी महसुस गर्ने वातावरण निर्माण गर्नु पनि हो। यदि सेवा सुधारियो तर प्रतिनिधित्वको प्रश्न ओझेलमा पर्‍यो भने विकासको भाष्य अपूरो रहन्छ।

यही कारणले सय दिनको अवधिमा सरकारको सबैभन्दा धेरै आलोचना भएका विषयहरूमध्ये निर्णय प्रक्रियाको केन्द्रीकरण, राजनीतिक संवादको अभाव, पार्टीभित्र असन्तुष्टि व्यवस्थापनमा कमजोरी, क्षेत्रीय सन्तुलनप्रति पर्याप्त संवेदनशीलता नदेखिएको आरोप तथा आलोचनाप्रति रक्षात्मक शैली प्रमुख रूपमा देखिएका छन्। आलोचनालाई लोकतन्त्रको स्वाभाविक प्रक्रिया मान्नुको सट्टा कतिपय अवस्थामा त्यसलाई व्यक्तिगत असन्तुष्टि वा विरोधी मानसिकताको रूपमा बुझ्ने प्रवृत्तिले पनि बहसलाई अझ जटिल बनाएको छ। लोकतन्त्रमा आलोचना सरकारको कमजोरी होइन, सुधारको अवसर हो। विशेषगरी नयाँ राजनीतिक दलका लागि त आलोचना अझ बढी मूल्यवान् हुन्छ, किनभने उनीहरूसँग पुराना संरचना र परम्परागत संगठनात्मक अनुभव कम हुन्छ। त्यसैले उनीहरूले निरन्तर सिक्ने, सुधार गर्ने र आफ्ना कमीकमजोरी स्वीकार गर्ने संस्कार विकास गर्नुपर्छ।

मधेस प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्त गरेको मत केवल चुनावी परिणाम थिएन, त्यो पुरानो राजनीतिक संरचनाप्रतिको असन्तुष्टिको अभिव्यक्ति पनि

क्रमशः

**लिक्विडेटर सुचना**

**दर्ता नः-** २५३२८६

**दर्ता मितिः-** २०७७-१०-०७

**कम्पनीको नामः-** कौशल एण्ड अनुराग खाजा घर (प्रा. लि.)

**लिक्विडेटर नामः-** अर्जुन कोईराला

**विशेष साधारण सभाः-** २०८३/०३/२३

**इजाजत पत्र नं.-** १७१

**फोन नं.-**९८४११४१६१७

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोश्रो पटक प्रकाशित मिति : २०८३।०३।२२

कम्पनीको विशेष/बार्षिक साधारण सभाको निर्णय बमोजिमको साविक (**ब्राईट होप ईङ्गलिस बोर्डिङ्ग स्कुल दैलेख**) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायत्व आदि परिवर्तित नाम (**बचपन स्मार्ट स्कुल धनुषा**) दर्ता नं. १४१३३५ ले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी (**बचपन स्मार्ट स्कुल धनुषा**) कायम गरिएको छ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday